# बोगटान फुड्सिल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चवराचौतारा, डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- ०७६।०७७
चलानी नं. :- ........

मिति : २०७६।१२।१०

## सार्वजनिक सूचना

विश्वव्यापी महामारीको रुप लिइरहेको कोरोना भाइरस (COVID-19) संक्रमण विश्वको धेरै मुलुकमा फैलिरहेको छ । विश्व स्वास्थ्य संगठन (WHO) ले नेपाललाई पनि कोरोना भाइरस संक्रमणको उच्च जोखिम युक्त मुलुकहरुको सुचिमा समावेश गरी सकेको परिप्रेक्ष्यमा गाउँपालिका भित्र कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि नियमित रुपमा साबुन पानीले हात धुने, खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने , जंगली र घरपालुवा पशुपंक्षी संगको असुरक्षित सम्पर्कबाट टाढा रहने , ज्वरो आउने, खोकी लाग्ने ,सास फेर्न गाह्रो हुने जस्ता लक्षण देखिएमा नजिकैको स्वास्थ्य संस्थामा परामर्श लिने, हात नमिलाउने, अंकमाल नगर्ने जस्ता कार्य गर्न हुन सम्पूर्ण गाउँपालिका बासीमा अनुरोध छ । साथै मिति२०७६।१२।९ गते गाउँकार्यपालिका र गाउँ बिपद व्यवस्थापन समितिबाट कोरोना भाईरस रोकथाम तथा नियन्त्रण सम्बन्धमा केही आश्यक निर्णयहरु समेत गरेको सन्दर्भमा तपसिल बमोजिम आवश्यक सहयोग गरी दिन हुन सम्पूर्णमा हार्दिक अपिल गर्दछु ।

१. गाउँपालिका बासीलाई अनावश्यक होहल्ला, अफवाहका पछाडि नलाग्न , धैर्य र संयम रहन, कुनै स्वास्थ्य समस्या भए स्वास्थ्य संस्थामा जान , उपभोग्य सामग्रीको अनावश्यक संचय नगर्न, अति आवश्यक काम बाहेक घर बाहिर ननिस्किन तथा गाउँपालिका भित्रका उपभोग्य सामग्रीका पसलहरु नियमित रुपमा संचालन गरी आवश्यक सहयोग गरि दिन हुन सम्बन्धित सबैलाई अनुरोध छ ।

२. प्रत्येक सार्वजनिक कार्यालय, होटेलमा अनिवार्य रुपमा पानी र साबुन राखी हात धोएर मात्र प्रवेशको व्यवस्था को लागी सबैलाई अनुरोध छ ।

३. गाउकार्यँपालिकाको कार्यालय र यस अर्न्तगतका सम्पूर्ण कार्यालयहरुमा आज मिति २०७६।१२।१० देखी मिति २०७६।१२।२१ गते सम्म अति आवश्यक सेवा बाहेक सबै सेवा बन्द रहने व्यहोरा अनुरोध छ ।

४ बिदेशबाट आएका मान्छेहरुलाई सेल्फ कोरेन्टाइनमा बसी आवश्यक सहयोग गरी दिन हुन अनुरोध छ ।

५ सम्पूर्ण गैरसरकारी संस्थाहरु,सहकारीसंस्थाहरु,स्वास्थ्यकर्मीहरु, कर्मचारीहरु, युवा क्लबहरु, महिला संजालहरु, शिक्षकहरु, युवाहरु, राजनितीक दलहरु , समाजसेवीहरु, पत्रकारहरु, सबैलाई यस बिपद्को घडीमा संयमतापुर्वक आवश्यक सहयोगका लागी हार्दिक अनुरोध गर्दछु ।

६. गाँउपालिका भित्र मदिरा बिक्री बितरण बन्द रहेको व्यहोरा यहाँहरुमा अवगतै रहेको सन्दर्भमा यदि कसैले बिक्रीबितरण, ओसारपसार र खाएको भेटिएमा कडा भन्दा कडा कारवाही गरिने व्यहोरा अनुरोध छ ।

शंकर सुचिकार
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष : ९८६८५६६६१७ , उपाध्यक्ष :९८६१५०९५८० ,कार्यालय प्रमुख :९८४८४७५५१२, सूचना प्रबिधि अधिकृत :९८६५७४६१८७
Website : bogatanmun.gov.np, Email:icto.bogatanmun@gmail.com